नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## विज्ञप्ति

आज मिति २०७८ भाद्र ११ गते माननीय गृहमन्त्री बालकृष्ण खाणको अध्यक्षतामा विपद् व्यवस्थापनसँग सम्बन्धित गृह मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सडक विभाग, जलस्रोत तथा सिंचाई विभाग, खानी तथा भूगर्भ विभाग, खानेपानी तथा ढल व्यवस्थापन विभाग लगायतका निकायका प्रतिनिधिहरु सम्मिलित वैठक बसी मनसुनजन्य विपद्को प्रभावकारी प्रतिकार्य, पीडित परिवारलाई राहत, घाईतेहरुको उपचार र क्षति भएका भौतिक संरचना/पूर्वाधारहरुको पुनर्निर्माण पुनर्स्थापना लगायतका बिषयमा छलफल भएको छ । वैठकमा मन्त्रालय, सुरक्षा निकाय तथा अन्य निकायका प्रतिनिधिहरुबाट हालैका दिनमा मनसुनजन्य विपद् (वाढी, पहिरो र डुवान) बाट भएको क्षति, खोज तथा उद्दार र पुनर्निर्माण र पुनर्स्थापनाका लागि भएका प्रयासहरुबारे जानकारी गराउनु भयो । विगत २ (दुई) दिनको अविरल वर्षाका कारण डुवान भई कञ्चनपुर, कैलाली, दाङ, रुपन्देही, नवलपरासी (वर्दघाट सुस्ता पूर्व), नवलपरासी (वर्दघाट सुस्ता पश्चिम), चितवन, महोत्तरी लगायतका जिल्लाहरुमा करिव ४०० (चार सय) जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ ।

वैठकमा गृह सचिव श्री टेकनारायण पाण्डेले मनसुनजन्य विपद्का कारण जोखिममा रहेका मानिसहरुको प्राथमिकताका साथ उद्धार गरी सुरक्षित स्थानमा राख्न पर्ने, अवरुद्ध सडक, खानेपानी लगायतका सेवाहरु तत्काल सुचारु गर्न सबै जिम्मेवार निकायहरुले समन्वयात्मक रुपमा कार्य गर्नु पर्ने विषयमा जोड दिनुभयो । माननीय मन्त्रीज्यूले मनसुनजन्य विपद्का कारण मृत्यु भएका व्यक्तिहरुका प्रति हार्दिक श्रद्धाञ्जली र परिवार तथा आफन्तजनमा समवेदना व्यक्त गर्नुभयो । त्यसैगरी मन्त्रीले मनसुनको समय अझै बाँकी रहेकाले संभावित विपद्को जोखिमलाई ध्यानमा राखी प्रभावकारी पूर्व तयारी र प्रतिकार्यका लागि तैनाथ रहन सबै निकायलाई निर्देशन दिनुभयो । साथै वहाँले विपद् घटनाका कारण मृत्यु भएका व्यक्तिको परिवारलाई तत्काल राहत उपलब्ध गराउन, घाईतेको उपचार व्यवस्था मिलाउन र घरवार विहिन भएकाहरुलाई सुरक्षित स्थानमा राखी क्षति भएका आवासको पुनर्निर्माणको प्रकृया आरम्भ गर्न निर्देशन दिनुभयो । वाढीका कारण विभिन्न स्थानको सडक पुल लगायतका भौतिक संरचनाहरुमा क्षति भएकोले सम्बन्धित निकायलाई उपलब्ध सबै विकल्पको उपयोग गरी त्यस्ता क्षतिग्रस्त संरचनाको पुनर्निर्माण र पुनर्स्थापना गरी सेवा सुचारु गर्न समेत मन्त्रीज्यूले निर्देशन दिनु भयो ।

२०७८।५।११

मितिः २०७८/०५/११

फणिन्द्रमणि पोखरेल
सहसचिव/प्रवक्ता